# भाग ५

## नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित नगरसभाको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव प्रदेश सरकार मार्फत प्राप्त भए बमोजिम सोही दफाको उपदफा (४) बमोजिम जाजरकोट जिल्लास्थित छेडागाड नगरपालिकाको केन्द्र साविक कार्कीगाउँबाट हेरफेर गरी सोही नगरपालिकाको वडा नं. ५ को चंखिलामा कायम गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित गाउँसभाको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव प्रदेश सरकार मार्फत प्राप्त भए बमोजिम सोही दफाको उपदफा (४) बमोजिम डोल्पा जिल्लास्थित मुड्केचुला गाउँपालिकाको केन्द्र साविक वडा नं. ४ इलनिलदहबाट हेरफेर गरी सोही गाउँपालिकाको वडा नं. ६ को तल्लो नर्कु कायम गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम सम्बन्धित गाउँसभाको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव प्रदेश सरकार मार्फत प्राप्त भए बमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सोही दफाको उपदफा (४) बमोजिम डोल्पा जिल्लास्थित जगदुल्ला गाउँपालिकाको केन्द्र साविक वडा नं. २ काईगाउँबाट हेरफेर गरी सोही गाउँपालिकाको वडा नं. ५ को माझगाउँ कायम गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**अर्जुन प्रसाद पोखरेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।